सुकीर्तिमय राष्ट्रदीप
# प्रहरी महानिरीक्षक उपेन्द्र कान्त अर्याल
**Inspector General of Police Upendra Kant Aryal**
**Chief of Nepal Police**

२०७३ फाल्गुण २ गते

## बिदाई-सन्देश

गौरवमय इतिहास बोकेको नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा मिति २०४३ फाल्गुण ३ गते सेवा प्रवेश गरी यहि मिति २०७३ फाल्गुण २ गते प्रहरी महानिरीक्षक पदबाट ३० वर्ष सेवा अवधि पूरा गरी अवकाश लिँदैछु । नागरिकको सेवामा समर्पित संगठनको प्रमुख भएर नेतृत्वदायी जिम्मेवारी निर्वाह गर्न पाएकोमा आफूलाई भाग्यशाली ठान्दै गौरवको अनुभूति गरेको छु । आफ्नो तीन दशक लामो व्यावसायिक प्रहरी जीवन र करिब ४० महिना लामो संगठन प्रमुखको भूमिकामा रही सदैव एक कर्तव्यनिष्ठ राष्ट्रसेवकका रुपमा राज्य, नागरिक र संगठनप्रति समर्पित भएर सेवा गर्न सकेँ भन्ने मेरो विश्वास रहेको छ । यो ३ दशकको कालखण्ड मेरो जीवनको सार्थक एवम् अविष्मरणीय पलहरूको सँगालोको रुपमा मेरो मानसपटलमा जीवन्त रहिरहनेछ । सेवाबाट निवृत्त भए तापनि मेरो परिचय तथा भावना सङ्गठन र तपाईहरूबाट कहिल्यै पनि टाढा रहने छैन ।

विगत लामो समयदेखिका प्रहरी महानिरीक्षकहरूकोभन्दा लामो पदावधि रहेको र मेरो निष्ठा, व्यावसायिकता तथा कार्यक्षमता देखेर संगठनका सदस्यहरू एवम् नेपाल प्रहरीका तमाम शुभचिन्तक महानुभावहरूले मेरो नेतृत्वकालमा संगठनमा धेरै सकारात्मक परिवर्तनको अपेक्षा राखेको मेरो जानकारीमा थियो । उहाँहरूको त्यो अटल विश्वासलाई मूर्त रुप दिन पाउनुलाई मैले चुनौती एवम् अवसरका रुपमा ग्रहण गरी त्यसलाई पूरा गर्ने ईमान्दार प्रयासहरू गरेको छु । विभिन्न बाधा अवरोधहरूका बाबजुद पनि सक्षम, निष्पक्ष र विवादरहित तवरबाट संगठनका सबै सदस्यलाई समान नजरले अभिभावकको भूमिका प्रदान गर्न भरमग्दुर प्रयत्न गरेँ । व्यक्तिगत रुपमा मेरो नेतृत्वकालमा सिंगो नेपाल प्रहरी संगठन हरेक क्षेत्रमा सफल रहेकोमा गर्व गर्दछु । यो सफलता मेरो व्यक्तिगत नभई सकल दर्जाको हो र यसले भविष्यमा अझ बढी परिष्कृत स्वरुप प्राप्त गर्नेमा मलाई पूर्ण विश्वास रहेको छ ।

मलाई यस क्षणसम्म ल्याइपुऱ्याउन परमेश्वरको अनुकम्पा, नेपाल सरकारको विश्वास, मातापिता र पितृहरूको आशीर्वाद, स्वजन तथा शुभचिन्तकहरूको शुभेच्छा र संगठनका सकल दर्जाका कर्मचारीहरू सबैको सहयोगको भूमिका महत्वपूर्ण रहेको छ । यस क्रममा सेवा प्रवेशदेखि हालसम्मको विभिन्न कालखण्डका आरोह अवरोहहरूमा मप्रति स्नेह र सद्भाव राख्नु हुने सबैप्रति आभार व्यक्त गर्दै मेरो सेवा निवृत जीवनमा समेत यहाँहरूबाट सहयोग र सद्भावको अपेक्षा गर्दछु ।

साथै, भविष्यमा पनि संगठन र भावी महानिरीक्षकहरूलाई निरन्तर सहयोग र सुझाव प्राप्त हुने विश्वासका साथ सकल दर्जाका प्रहरी कर्मचारीहरूको पारिवारिक एवम् व्यावसायिक जीवनको समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दै औपचारिक व्यावसायिक जीवनबाट बिदा हुन्छु ।

धन्यवाद, जय नेपाल ।

प्रहरी महानिरीक्षक
(उपेन्द्र कान्त अर्याल)

पोष्ट बक्स नं. : ४०७, कार्यालयः ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्सः ९७७-१-४४१५५९३
इमेलः aryalupendrak@gmail.com/phqigs@nepalpolice.gov.np, वेबसाइटः www.nepalpolice.gov.np
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।